स्थायी लेखा नं.६०९५९६७५१

०८१-५५०१०५
email : nfcnpj@gmail.com

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित )

मुख्य शाखा कार्यालय नेपालगञ्ज

प.सं.- २०८१/०८२
च.नं. 935

मिति :२०८१/०७/१२

**बिषयः- बास्तविक किसानको पहिचान गरी सिफारिस गरिदिने बारे ।**

श्री बाँके जिल्लाका स्थानिय तहहरु
उपमहानगरपालिका/नगरपालिका/गाँउपालिका सबै

प्रस्तुत बिषयमा श्री खरिद बिभाग (खरिद व्यबस्थापन शाखा) खाद्य व्यबस्था तथा व्यापार कम्पनी लि. प्रधान कार्यालय काठमाण्डौको प.सं.ख.वि.२०८१।०८२ च.नं. १५२ मिति २०८१।०६।२३ गतेको पत्र अनुसार मोटा धान ३००००.०० क्वी. र मध्यम धान १००००.०० क्वी. गरि जम्मा ४००००.०० क्वी. धान खरिद गर्न निर्देशन आएकोमा मिति २०८१।०७।०९ गते श्रीमान् सहायक प्रमुख जिल्ला अधिकारी श्री दत्तराज हमाल ज्यूको अध्यक्षतामा प्राथमिक खरिद समितिको बैठक बसी बैठकको बुँदा नं. ४ बमोजिम बास्तविक किसानहरुलाई समर्थन मूल्यको लाभ उपलब्ध गराउने उद्देश्यले प्रत्येक आठ वटा स्थानिय तहहरु अन्तर्गत सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्रमा उल्लेख गरिएको परिमाण र प्रकारका आधारमा धान खरिद गरिने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

साथै यस कार्यालयले मिति २०८१।०७।२० गते देखि धान खरिद गर्ने निर्णय भएको हुँदा धान बिक्री गर्न ल्याउने बास्तविक किसानहरुको नामावली समयमै यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।
साथै प्राथमिक खरिद समिति बाँकेको निर्णयको छाँया प्रति थान १(पाना थान २) र सिफारिस पत्रको नमुना थान १ यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा हार्दिक अनुरोध छ ।
नोट ताँहा कार्यालयको लेटर प्याडमा संलग्न नमुना अनुसारको सिफारिस पत्र बनाई पठाईदिनुहुन अनुरोध छ ।

२०८१/७/१२
(राम शरण लामिछाने)
मुख्य शाखा प्रमुख

स्थायी लेखा नं.६०९५९६७५१

०८१-५५०१०५
email : nfcnpj@gmail.com

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित)

मुख्य शाखा कार्यालय नेपालगञ्ज

## धान खरिद सम्बन्धी सूचना

प्रस्तुत बिषयमा यस कम्पनीले बाँके जिल्ला भित्रका किसानहरुको उत्पादनलाई लक्षित गरी मिति २०८१।०७।२० गते देखि कम्पनीको काँरकादो स्थित कार्यालय परिसरमा र साबिकको नेश्नल ट्रेडिङ लि. मा खरिद केन्द्र राखी नेपाल सरकारले तोकिदिएको न्यूनतम् समर्थन मूल्य, मोटा धान प्रति क्वी. रु. ३,४१०।५१ र मध्यम धान प्रति क्वी. रु. ३,५८०।६२ मा धान खरिद गर्ने भएकोले सम्बन्धीत सबै किसानहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

### किसानले धान बिक्री गर्न ल्याँउदा ध्यान दिनुपर्ने कुराहरु

१.धान बिक्री गर्न ल्याँउदा पानीले नभिजेको धान निफनी, केलाई, सुकाई, सफा गरी एकै किसिमको फेस धान ल्याउनुपर्ने छ। कम्पनीको गुणस्तर मापदण्ड बाहिरको धान खरिद गर्न कम्पनी बाध्य हुने छैन।

२.धान बिक्री गर्न ल्याँउनु पुर्ब किसानले आफ्नो सम्बन्धीत स्थानिय तहको वडा कार्यालयले सिफारिस गरेको पत्र) अनिबार्य रुपमा यस कार्यालयमा पेश गर्नुपर्नेछ।

३.खरिद कार्यक्रम हरेक दिन बिहान १०:०० बजे देखि ४:०० बजे सम्म सञ्चालन हुने छ। सार्बजनिक बिदाको दिन खरिद कार्यक्रम बन्द रहने छ।

४.सम्पूर्ण किसानहरु अनुशासित र सभ्य भई आफ्नो पालो वा समय आएपछि भिडभाड नहुने गरी धान बिक्रीका लागी ल्याउनुपर्ने छ।

५.अन्य आबश्यक जानकारीको लागी कार्यालय समयमा कार्यालयको टेलिफोन नं. ०८१-५५०१०५ मा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

मुख्य शाखा कार्यालय
खाद्य व्यबस्था तथा व्यापार कम्पनी लि.
मुख्य शाखा कार्यालय नेपालगञ्ज

मिति:.........................

श्री खाद्य व्यबस्था तथा व्यापार कम्पनी लि.
मुख्य शाखा कार्यालय नेपालगन्ज

बिषय:- सिफारिस सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस ..........................उ.प.म.न.पा./नगरपालिका/गाँउपालिका वडा नं. ......... बस्ने श्री.........................ले आफ्नो/अधियाको जग्गामा धान खेति गरी करिब .............. क्वी. मध्यम/मोटा धान बिक्रीका लागी माग गरेको हुँदा निजको धान गुणस्तर चेक जाँच गरी खरिदका लागी सिफारिस गरिन्छ।

...........................

आज मिति २०८१।०७।०६ गते बिहान ८.०० बजे **श्रीमान् सहायक प्रमुख जिल्ला अधिकारी श्री दत्तराज हमाल ज्यूको** अध्यक्षतामा जिल्ला प्रशासन कार्यालय बाँकेमा प्राथमिक खरिद समिति बाँकेको बैठक बसी धान खरिद कार्यबिधी सम्बन्धमा छलफल गरी तपशिल अनुसारको निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी श्री दत्तराज हमाल जिल्ला प्रशासन कार्यालय बाँके | | - अध्यक्ष |
| कार्यालय प्रमुख श्री विनोद घिमिरे कृषि ज्ञान केन्द्र बाँके | | - सदस्य |
| श्री नारद प्रसाद शर्मा कृषक प्रतिनिधी | | - सदस्य |
| मुख्य शाखा प्रमुख श्री राम शरण लामिछाने | खाद्य व्यबस्था तथा व्यापार कम्पनी लि. | सदस्य सचिव |
| श्री शिवराज घिमिरे | खाद्य व्यबस्था तथा व्यापार कम्पनी लि. | दामकाम |

**आमन्त्रीत सदस्य:-**

| | |
|---|---|
| स.प्र.जि.अ. श्री खडानन्द खत्री | जिल्ला प्रशासन कार्यालय बाँके |
| व.स.ई. तेज बहादुर देउवा | प्रतिनिधि प्रधान कार्यालय |
| खरिदार श्री तुल्सीराम चपाई | जिल्ला प्रशासन कार्यालय बाँके |

निर्णय नं.

१.श्री खरिद बिभाग (खरिद व्यवस्थापन शाखा) खाद्य व्यबस्था तथा व्यापार कम्पनी लि. प्रधान कार्यालय काठमाण्डौको प.सं.ख.बि. २०८१।०८२ च.नं.१५२ मिति २०८१।०६।२३ को पत्र अनुसार चालु आ.ब. ०८१।०८२ मा यस जिल्ला बाट खरिद गरिने मोटा धान ३०,०००.०० क्वी. र मध्यम धान १०,०००.०० क्वी. गरी जम्मा ४०,०००.०० क्वी. धान खरिद गर्ने कार्यक्रम अनुसार बाँके जिल्ला भित्रका कृषकहरुबाट कम्पनीले निर्धारण गरेको गुणस्तर मापदण्ड भित्र पर्ने, नभिजेको, गुणस्तरीय धानमात्र, नेपाल सरकारले तोकेको न्युनतम समर्थन मूल्यमा खरिद कार्य गर्न भनी लेखि आएकाले सो सम्बन्धमा छलफल हुँदा कम्पनीको मुख्य शाखा कार्यालय नेपालगञ्ज (काँरकादो) र कम्पनीको नेपालगञ्ज स्थित नेशनल ट्रेडिङ लि. गोदाममा खरिद केन्द्र राखी नेपाल सरकारबाट तोकिएको मोटा धान प्रति क्वी. रु.३,४१०।५१ र मध्यम धान प्रति क्वी.रु.३,५८०।६२ मा न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्ने निर्णय गरियो । .

२.नेपालगञ्ज उद्योग बाणिज्य संघ बाँकेको प.सं. २०८१।०८२ च.नं.१७८ र मिति २०८१।०७।०५ को पत्रअनुसार हाल स्थानिय बजारमा पानीले नभिजेको मोटा धान प्रति क्वी. रु.३२५०/३४००।- र मध्यम धानको मूल्य प्रति क्वी. रु. ३४००/३५००।-रहेकोमा कम्पनीले खरिद गर्ने मोटा धानको मूल्य प्रति क्वी. रु.३,४१०।५१ र मध्यम धानको मूल्य प्रति क्वी.रु.३,५८०।६२ रहेकोमा औषतमा स्थानिय बजारकोमूल्य र न्यूनतम समर्थन मूल्यमा मोटा धान प्रति क्वी. रु.८५।५१मध्यम धान प्रति क्वी. रु.१३०।६२ फरक भएकोले उक्त फरक रकम कम्पनीको प्रधान कार्यालय काठमाण्डौले नेपाल सरकार सँग सोधभर्ना माग गर्नेको लागि सिफारीस गर्ने निर्णय गरियो ।

३.बाँके जिल्लामा उत्पादित धान खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगंजले कम्पनीको स्वीकृत गुणस्तर मापदण्ड अनुसारको धान नेपाल सरकारको समर्थन मूल्यमा,धान उत्पादक किसान, नियमानुसार दर्ता भएका सहकारी,कृषि सहकारी, कृषक समुह र स्थानीयतह सँग आवश्यक समन्वय गरि धान खरिद गर्न सक्ने निर्णय गरियो ।

४.धान बिक्रिका लागि धान उत्पादक किसानको हकमा सम्बन्धित वडा कार्यालयको सिफारीस पत्रमा उल्लेख गरिएको परिमाण र प्रकारका आधारमा धान खरिद गरिने छ । उक्त धान मोटाको हकमा चिस्यान १८ प्रतिशत, बाह्रय पदार्थ २ प्रतिशत, बिग्रेको टुक्रेको दाना ५ प्रतिशत र मध्यम धानको हकमा चिस्यान १८ प्रतिशत, बाह्रय पदार्थ २ प्रतिशत, बिग्रेको टुक्रेको दाना ५ प्रतिशत , कमसल जातको मिस्रण धान १० प्रतिशत अधिकतममा खरिद गर्ने निर्णय गरियो ।

५ मिति २०८१।०७।२०देखि कम्पनीको काँरकादो स्थित कार्यालयको परिसर र साविक नेशनल ट्रेडिङ लि. को गोदाममा धान खरिद कार्यक्रम शुचारु गर्ने निर्णय गरियो । साथै अनाबश्यक भिडभाड नियन्त्रण गर्न तथा उचित व्यबस्था मिलाउन खरिद कार्यक्रम हुनेअबधीभर आबश्यकता अनुसार दैनिक कम्तीमा २ जना सुरक्षाकर्मी खटाई पठाइदिने व्यबस्थाको लागी जिल्ला प्रहरी कार्यालय बाँकेलाई अनुरोध गर्ने निर्णय गरियो ।

६.कम्पनीबाट खरिद हुने धानको पल्लेदारी खर्च(भुँईमा खन्याउने, धान बोरामा भर्ति गर्ने, तौल गर्ने, सिलाई गर्ने, र चौकाई समेत गर्ने कार्य सम्म) गत आ.ब.मा प्राथमिक खरिद समिति बाँके बाट स्वीकृत दर रेटप्रति क्वी रु.४०।- नै पल्लेदारी खर्च कायम गर्ने निर्णय गरियो ।

७.जिल्ला स्थित स्थानीयतहहरुले गोदाम व्यवस्थापन,सूरक्षा व्यवस्थापन, ढुवानी खर्च व्यवस्थापन र अन्य खर्च व्यवस्थापन गर्न मन्जुर गरि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगंज सँग धान खरिद केन्द्र माग गरेमा द्विपक्षिय सहमतिको आधारमा खरिदकेन्द्र स्थापना गर्न सक्ने निर्णय गरियो ।

८.आ.व २०८१/०८२ मा नेपाल सरकारको समर्थन मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मूख्य शाखा कार्यालय नेपालगंज बाँकेले खरिद गरेको सम्पूर्ण धान ( मोटा र मध्यम )खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड प्रधान कार्यालय काठमाण्डौको निर्देशनमा आवश्यक प्रक्रिया पुरा गरि कुटानी तथा पिसानी गर्ने सम्पूर्ण अधिकार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मूख्य शाखा कार्यालय नेपालगंज बाँकेलाई दिने निर्णय गरियो ।